बैठक संख्या: १०३
मिति:२०८२/०१/०४
समय: दिउसोको १ बजे
स्थान: खुम्बु पासाङल्हामु गाउँपालिका को कार्यालय

आज मिति २०८२/०१/०४ गते बिहिबारको दिन दिउसोको १ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतमा कार्यापालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

निर्णय नं.१

डिम दोर्जी शेर्पा पर्यटन सडक निर्माण आयोजनाको लागि आ.व. ०७८।०७९ मा बोलपत्र मार्फत छनौट भएको ठेकेदार कम्पनी बिरुवा ए डी (जे भि) ले पेश गरेको अन्तिम बिल भुक्तानीका सम्बन्धमा यस अघि IPC १ देखि ८ सम्मको Running Bill बिलका आधारमा भएका भुक्तानी रकम, अन्तिम बिल र Quantity लगायतका पेश भएका कागजात र निर्णयहरुको अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न देहाय अनुसारको समिति गठन गर्ने ।

ई. श्री अर्जुन सापकोटा - संयोजक

ई. (छैठौं) श्री दीप कुमार बस्नेत - सदस्य

सब.ई श्री प्रविना बुडाथोकी - सदस्य

निर्णय नं. २

यस पालिकाको वडा नं ४ को कार्यालय भवन निर्माण अन्तिम चरणमा रहेकोमा छाना छाउन आवश्यक डाडाभाटा लगायतको BOQ मा थप गर्नुपर्ने प्राविधिकबाट पेश भए अनुसारको कुल लागत रु ९५००००।०० थप निकासा गर्नुपर्ने भएको हुँदा उक्त रकम जिल्ला समन्वय समितिबाट वडा कार्यालयको भवन निर्माणको लागि प्राप्त बजेट शिर्षकबाट भुक्तानी हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ एवम् सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम गर्ने ।

निर्णय नं ३ : विविध

क) यस पालिका अन्तरगत संचालित देहायका विभिन्न आयोजनाहरुको लागि अपुग भएको रकम देहाय अनुसार खर्च गर्न अख्तियारी प्रदान गर्ने ।

- पालिकाको वडा नं ३ गुमेलामा फायर हाईड्रेन्ट प्रणाली जडानको लागि ठेक्का मार्फत आवश्यक सामान खरिद गरि उपभोक्ता समितीलाई हस्तान्तरण गरिसकिएकोमा उक्त पाइपलाईन बिछ्याउने लगायत फायर हाईड्रेन्टको पोष्ट निर्माणको लागि प्राविधिक शाखाबाट फिल्ड नापजाँच पश्चात तयार भएको लागत अनुमान रू. २२७३४६८।०० ( बाईस लाख त्रियहत्तर हजार चार सय अट्सट्ठी) संघसंस्था साझेदारी शिर्षकबाट खर्च गर्ने अख्तियारी प्रदान गर्ने ।
- पैया-च्याङ्दिङ टोलको ढल निर्माणको लागि आवश्यक थप बजेट प्राविधिक शाखाबाट तयार भएको लागत अनुमान रू. ५७६३२०।०० ( पाँच लाख छयाहत्तर हजार तीन सय बिस) खरिखोला अस्पताल स्तरोन्तरी शिर्षकबाट रकमान्तर गर्ने र आगामी गाउँसभाबाट अनुमोदन गर्ने ।

ख) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ३ घाट तथा टोकटोक लगायतका स्थानमा बाढीबाट क्षति भएको स्थानमा ग्याबिन जाली लगाउने कार्यका लागि विपद् व्यवस्थापन शिर्षकबाट खर्च गर्ने गरी प्राविधिक शाखा बाट तयार भएको लागत अनुमान रू. ३५७२८२२।०० (पैतिस लाख बहत्तर हजार आठ सय बाईस) बराबरको रकमको सम्झौताको प्रकृया अघि बढाउने ।

ग) खुम्बु पासाङल्हामु गाउँपालिका भित्र चालु आ.व. मा कार्यान्वयनका लागि लाभग्राही संस्था/समुदायसँग सम्झौता गरिएका तपशिल बमोजिमका तोकिएको समयावधिमा पर्यटकीय सिजन, भौगोलिक अवस्था र प्रतिकुल मौसमका कारण सम्पन्न हुन नसकेको हुँदा असार २० गते सम्मको लागि म्याद थप गर्ने ।

| योजनाको नाम | टोल विकासको नाम | सम्झौता मिति | कार्य सम्पन्न गर्नु पर्ने मिति |
|---|---|---|---|
| वैङकर पर्यटकीय झरना ब्यवस्थापन वडा नं ३ | फाराक टोल विकास संस्था | २०८१।०५।२० | २०८२।०२।१५ |
| बैकर पहिरो बाटो निर्माण वडा नं ३ | फाराक टोल विकास संस्था | २०८१।०५।२० | २०८२।०२।१५ |
| गेरिङ्मा बालि संरक्षण र तारबार निरन्तरता | फाराक टोल विकास संस्था | २०८१।०५।२० | २०८१।१२।३० |
| नाचिपाङ छेप्लुङ खानेपानि मर्मत वडा नं ३ | जम्वला टोल विकास संस्था | २०८१।०६।१८ | २०८१।०८।३० |
| थाङमुते र केरोक फाइबर तार विछ्याउने | फाप्क्षामो टोल विकास संस्था | २०८१।०६।०९ | २०८१।०७।१५ |
| मेन्दे खानेपानी निरन्तरता | श्री क्याजो री टोल विकास संस्था | २०८१।०६।०४ | २०८२।०२।०१ |
| ठमीछो सामुदायिक भवन निर्माण सुधार वडा नं ५ | फाप्क्षामो टोल विकास संस्था | २०८१।०६।११ | २०८२।०२।२९ |
| हिमालयन आ.वि. स्टेज निर्माण निरन्तरता | नाम्चे युवा समूह | २०८१।०६।१७ | २०८१।०९।२८ |
| सुधारिएको पानि घट्टा मर्मत वडा नं ५ | श्री क्याजो री टोल विकास संस्था | २०८१।०६।०७ | २०८२।०२।०४ |
| कोङमला पासमा बाटो निर्माण वडा नं ४ | इम्जा भ्याली टोल विकास संस्था | २०८१।०६।२१ | २०८१।११।३० |
| छुकुङ खानेपानी निरन्तरता | इम्जा भ्याली टोल विकास संस्था | २०८१।०६।२१ | २०८१।०८।३० |
| खुन्दे च्योर्तेन पार्क तथा मणि व्यवस्थापन वडा नं ४ | खुम्दे टोल विकास संस्था | २०८१।०६।२२ | २०८१।०८।३० |
| खुम्जुङ खुन्दे फाइबर केवल विछ्याउने कार्य | खुम्दे टोल विकास संस्था | २०८१।०६।२२ | २०८२।०२।३० |

CamScanner

| | | | |
|---|---|---|---|
| नाम्चे बस्तीभित्र बाटो निर्माण | नाउजे टोल विकास संस्था | २०८१।०६।१४ | २०८१।०९।१६ |
| नाम्चे बस्तीभित्र बाटो स्तरोन्नति निरन्तरता वडा नं ५ | नाउजे टोल विकास संस्था | २०८१।०६।१५ | २०८२।०२।२५ |
| केरोक गुम्बा मर्मत सम्भार तथा भान्सा घर निर्माण वडा नं ५ | रेन्जोला टोल विकास संस्था | २०८१।०६।१२ | २०८२।०२।१२ |
| लुङता ल्हाप्सो निर्माण वडा नं ४ | सगरमाथा टोल विकास संस्था | २०८१।०७।२८ | २०८२।०२।१५ |
| फाक्दिङ हेलिप्याड जाने बाटो निर्माण | फाक्दीङ टोल विकास संस्था | २०८१।०८।०५ | २०८१।०८।३० |
| नाम्चे पुरानो धारा मर्मत सम्भार वडा नं ५ | नाउजे टोल विकास संस्था | २०८१।०६।१६ | २०८१।०८।३० |
| फाग्दीङ वस्तीभित्र वाटो निर्माण | फाक्दीङ टोल विकास संस्था | २०८१।।१०।२७ | २०८२।०२।१५ |
| घाटमा वर्खेभेल नियन्त्रण तथा पदमार्ग निर्माण | युल्डिङ टोल विकास संस्था | २०८१।१२।०७ | २०८२।०२।३० |
| डिमदोर्जी शेर्पा पर्यटन सडक Track open गर्दा भत्काइएका मानेहरुको व्यवस्थापन | नौलेख टोल विकास संस्था | २०८२।०१।११ | २०८२।०२।३१ |
| मेलाङ बाली संरक्षणको लागि बार बन्देज गर्ने | नौलेख टोल विकास संस्था | २०८२।०१।११ | २०८२।०२।३१ |

घ) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ मा सञ्चालन हुने खानेपानी आयोजना निर्माणका लागि ठेक्का आह्वान गरी निर्माण कार्य शुरु गरेकोहुँदा उक्त स्थानमा दोहोरो नपर्ने गरी फायर हाईड्रिन्टको पाईप समेत जडान गर्नका लागि रू. ५५२०००।०० (पाँच लाख बाउन्न हजार) खरिखोला खानेपानी जोजना शिर्षकबाट खर्च गर्ने गरी गाउँपालिकाको कार्यालयमा सूचिकृत संस्थाबाट फायर हाईड्रिन्ट पाईप खरिद गर्ने अख्तियारी प्रदान गर्ने ।

ङ) गाउँपालिकामा विद्यमान विधायन समितिलाई सहयोग र समन्वय गर्न तथा गाउँपालिकाको कार्य सम्पादनलाई थप व्यवस्थित एवम् मर्यादित बनाउने आवश्यक पर्ने कानूनको अध्ययन गरी संसोधन गर्ने प्रयोजनका लागि देहायका पदाधिकीहरुको अध्ययन एवम् सम्पादन समिति गठन गर्ने ।

अध्यक्ष श्री मिङमा छिरी शर्पा-संयोजक

प्रमुख प्रशासकीय अधिकृत श्री नवराज गौतम-सदस्य

कार्यपालिका सदस्य श्री ल्हाक्पा गेल्जेन शेर्पा- सदस्य

CS CamScanner

प्रशासकीय अधिकृत श्री सुजन कुमार बुढाथोकी- सदस्य

लेखा अधिकृत श्री चेतनाथ कटेल- सदस्य

उल्लेखित समितिले आफ्नो वैठकमा सम्बन्धित शाखाका बढिमा दुईजना कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

च) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ दिङ्बोचेमा खानेपानी आयोजना निर्माणका लागि योजना सम्झौता गरि निर्माण कार्य सुरू गरिसकिएको तर उक्त सम्झौताको BOQ मा २ वटा सार्वजनिक धारा र घरघरमा जडान गर्ने पाईप एवम् धारा नभएको हुँदा उक्त कार्यका लागि प्राविधिक शाखाबाट तयार गरेको लागत अनुमान अनुसार रू ९,५०,०००।०० (नौ लाख पचास हजार) फाक्दिङ मन्जो जोरसल्ले क्षेत्रमा विद्युत लाईन बिस्तार शिर्षकमा विनियोजित बजेटबाट रकमान्तर गर्ने र उक्त रकम आगामी आ.व. को गाउँसभाबाट अनुमोदन गर्ने ।

छ) कोशी प्रदेशको "स्थानीय सरकरी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ६ को उपदफा (१) मा "स्थानीय तहमा स्थानीय सरकारी सेवाको सङ्गठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दी पुनरावलोन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोकत्वमा सिफारिस समिति गठन गरी सङ्गठन व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ" भन्ने व्यवस्था भए अनुसार खुम्बु पासाङल्हामु गाउँपालिकाको विद्यमान सङ्गठन संरचनालाई पुनरावलोकन गर्नका लागि आवश्यक प्रतिवेदन पेस गर्न तपशिल बमोजिमको "सङ्गठन संरचना पुनरावलोकन सिफारिस" समिति गठन गर्ने ।

१. प्रमुख प्रशासकीय अधिकृत श्री नवराज गौतम-संयोजक
२. प्रशासकीय अधिकृत श्री सुजन कुमार बुढाथोकी- सदस्य
३. लेखा अधिकृत श्री चेतनाथ कटेल- सदस्य
४. पूर्वाधार विकास तथा विपद् व्यवस्थापन शाखा प्रमुख- सदस्य
५. स्वास्थ्य संयोजक श्री अर्थीमाया तामाङ -सदस्य

CamScanner